जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र सङ्ख्याः२०८२/८३

चलानी नं. :-

मिति :- २०८२/०९/०२

## प्रेस विज्ञप्ति

**आदरणीय ई-रिक्सा चालक तथा नगरवासीहरु,**

विगत केहि दिनदेखि जारी ई-रिक्सा चालकहरुको गतिरोधको सम्बन्धमा आदरणीय सञ्चारकर्मी, नगरवासी तथा सामाजिक सञ्जालहरुमा देखिएका चासो, टिका-टिप्पणी तथा आरोप-प्रत्यारोप बारे सरोकारबाला निकायको हैसियतले जनकपुरधाम उपमहानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । अतः यस विषयमा ज.उ.म.न.पा. आदरणीय ई-रिक्सा चालक एवं नगरवासी समक्ष प्रष्ट पार्न चाहन्छ ।

१) अव्यवस्थित ई-रिक्साका कारण जनकपुरधाम नगर क्षेत्र अस्त-व्यस्त भएको, सवारी दुर्घटना बढेको, ई-रिक्सा चालकहरुले दुर्व्यवहार गरेको, भाडा अधिक उठाएको, एम्बुलेन्स, औषधी बोकेको सवारी साधन संचालनमा बाधा पुगेको, जथाभावी पार्किङ्ग तथा यत्रतत्र सवारी चढाए-उतारेका कारण पैदल यात्री समेतलाई कठिनाई भएको भन्दै देशी विदेशी पर्यटक, शान्ति सुरक्षामा खटेका राष्ट्रसेवकहरु तथा आमनागरिकले यस उपमहानगरपालिकालाई पटक पटक ध्यानाकर्षण गराउँदै आएका थिए र छन् । यस अघि ई-रिक्सा व्यवस्थापनका लागि पटक-पटक बैठक बसि आवश्यक निर्णय समेत भएका थिए ।

२) स्थानीय सरकार संचालन ऐन २०७४ ले टाँगा, अटो-रिक्सा, ई-रिक्सा लगायतका सवारी साधनहरुको करको दर निर्धारण, दर्ता, नियमन आदि गर्ने अधिकार स्थानीय गाउँ पालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई दिएको कानूनी व्यवस्था छ ।

३) स्थानीय सरकार संचालन ऐन २०७४ लाई टेकेर जनकपुरधाम उपमहानगरपालिकाले 'कर तथा गैर कर सम्बन्धी ऐन २०७७ को दफा २ बमोजिम विद्युतीय रिक्सा दर्ता, अनुमति, नविकरण तथा नियमन कार्यविधि २०७९ जारी गरि ई-रिक्सा दर्ता प्रकृया सुरु गरि सकेको छ ।

४) बुंदा नम्बर १ मा उल्लेख भए अनुसारको गुनासो सम्बोधन गर्न यस जनकपुरधाम उपमहानगरपालिकाले मिति २०८२ अषाढ १३ गते जनकपुरधाम उपमहानगरपालिका, जनकपुर उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, जिल्ला प्रशासन कार्यालय धनुषा, जिल्ला प्रहरी कार्यालय धनुषा, जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषा, यातायात व्यवस्था कार्यालय धनुषा, नगर क्षेत्रका संघ संस्थाहरु, सामाजिक अभियन्ताहरु तथा ई-रिक्सा युनियन समेतको उपस्थितीमा सर्वपक्षीय बैठक बसि नगर क्षेत्र भित्र ई रिक्साको बढदो चाँपलाई कम गर्न सुव्यवस्थित रुपमा ई रिक्सा संचालन गर्न 'विगतमा ई-रिक्सा व्यवस्थापन सम्बन्धी भएका निर्णयहरु बमोजिम यस जनकपुरधाम उपमहानगरपालिकामा दर्ता नभएका ई-रिक्साहरु परिक्रमा सडकभित्र प्रवेश निषेध गर्ने साथै परिक्रमा क्षेत्रभित्र प्रवेश गर्नेहरुलाई आर्थिक ऐन तथा कार्यविधि बमोजिम जरिवाना गर्ने' निर्णय भएको जानकारी गराउन चाहन्छौं ।

जनकपुरधाम उपमहानगरपालिकाले नगर क्षेत्रभित्र भित्र ई-रिक्सा संचालनमा रोक लगाएको होईन, व्यवस्थित मात्र गर्न खोजेको हो । जनकपुरधामलाई सफा, सुन्दर तथा व्यवस्थित बनाउनु हामी सबैको दायित्व हो । ई-रिक्सा संचालनलाई मर्यादित तथा व्यवस्थित बनाउन ई-रिक्सा चालकहरुसंगै सम्पूर्ण नगरवासीहरुको साथ र सहयोगको अपेक्षा राखेका छौं ।

**भवदीय**

जनकपुरधाम उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा ।